Email: dfopyuthan2075@gmail.com
Phone No. ९८५७८६६०६६

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, प्यूठान

पत्र संख्या :- २०८२/८३

नेपाल सम्वतः ११४६

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२।०९।२०**

यस कार्यालयको चालू आ.व. २०८२।०८३, ब.उ.शि.नं. ३२९०००१६ को वातावरण तथा जलवायु अनुकूलन कार्यक्रम अन्तर्गत "स्कूल वन बगैंचा कार्यक्रम (११.४.१७.१३५८)" को लागि विनियोजित बजेटबाट विद्यालयमा हरियाली वातावरण बनाई विद्यार्थीहरूलाई वातावरणीय शिक्षा, र संरक्षण सम्बन्धी व्यवहारिक ज्ञान तथा सीप प्रदान गर्ने उद्देश्यको लागि विद्यालयहरूसँग प्रस्ताव माग गरि उपयुक्त प्रस्तावलाई छनौट गरि प्रस्तावको आधारमा प्रति विद्यालय बढीमा रु. १,२०,०००।- (अक्षरेपि एक लाख बिस हजार मात्र) वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम कार्यक्रम सञ्चालन गर्न सकिने हुँदा उक्त कार्यविधिमा उल्लिखित व्यवस्था एवं सर्त बमोजिम बहुबर्षिय बिरुवा खरिद तथा रोपण (सौन्दर्यमुलक, फलफुलजन्य), बगैंचाका लागि क्यारी निर्माण, फोहरमैला व्यवस्थापन, विद्यार्थीहरूका लागि अभिमुखीकरण कार्यक्रम, बिरुवा संरक्षणका लागि आवश्यक पर्ने बारबन्देज, मल खरिद आदी कार्यक्रम सञ्चालन गर्न इच्छुक विद्यालयले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र तोकिएको ढाँचामा प्रस्ताव पेस गर्न यो सूचना प्रकाशन गरिएको छ प्रस्तावको ढाँचा र अन्य विस्तृत जानकारी कार्यालयको वेबसाइट https://dfopyuthan.lumbini.gov.np बाट वा नजिकको सव-डिभिजन वन कार्यालयमा सम्पर्क गरि प्राप्त गर्न सकिनेछ। प्रस्तावको छनौट र मूल्याङ्कनका लागि सार्वजनिक विद्यालयलाई प्राथमिकता दिई निम्न अनुसारका विषयवस्तुलाई आधार मानिने छ।

- ✓ विद्यालयमा रहेका विद्यार्थी सँख्या,
- ✓ विद्यालयको भौगोलिक अवस्थिति (दुर्गम क्षेत्रमा रहेका विद्यालयलाई प्राथमिकता),
- ✓ प्रस्तावनाले समेट्ने कृयाकलापहरु,
- ✓ विद्यालयको प्रस्ताव कार्यान्वयनमा योगदान,
- ✓ मानव वन्यजन्तु द्धन्दबाट प्रभावित क्षेत्र।

धनिश्वर ज्ञवाली
निमित्त डिभिजनल वन अधिकृत